नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
**कृषि सूचना तथा प्रशिक्षण केन्द्र**
हरिहरभवन, ललितपुर

प.स.२०८३/८४
च.नं.

*"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी"*

मितिः २०८३/०५/०१
ने.सं. ११४६, गुंलाथ्व

२०८३/८४/०२ (प्र.)

## प्राविधिक पुस्तिकाको लागि लेख उपलब्ध गराउने बारे सूचना ।

यस केन्द्रले हरेक त्रैमासिकमा कृषि क्षेत्रसँग सम्बन्धित कुनै एक विषयमा केन्द्रीत रही अनुसन्धान तथा तथ्यमा आधारित प्राविधिक पुस्तिका प्रकाशन गर्दै आएको छ । चालु आ.व. २०८३/८४ को स्वीकृत कार्यक्रम अनुसार पहिलो त्रैमासिकको लागि नेपाल सरकारले समेत प्राथमिकतामा राखेको माटोको स्वास्थ्य सुधारको लागि **प्राङ्गारिक तथा जैविक मल उत्पादन प्रविधि तथा प्रयोग** सम्बन्धी प्राविधिक पुस्तिका प्रकाशन गर्ने तय भएकोले तपसिलमा उल्लेखित शर्तको परिधिभित्र रही **प्राङ्गारिक तथा जैविक मल उत्पादन प्रविधि तथा प्रयोग** पुस्तिका तयार पारी मिति २०८३ साल भाद्र ३१ गते बुधबारसम्ममा केन्द्रको इमेल info@aitc.gov.np र prakashan.aitc82@gmail.com मा पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. लेख विषयबस्तुसँग प्रत्यक्ष सम्बन्धित अनुसन्धान तथा तथ्यमा आधारित हुनुपर्नेछ ।
२. लेख नेपाली भाषामा कालिमाटी युनिकोडको १० फन्ट साइजमा ९००० देखि १०००० शब्द भित्र सीमित हुनुपर्नेछ ।
३. प्राप्त लेख प्रकाशनको लागि छनौट गर्ने वा नगर्ने अधिकार कृषि सञ्चार प्राविधिक समितिमा निहित रहनेछ र अस्वीकृत लेख रचना फिर्ता गरिने छैन ।
४. प्रकाशित हुने लेख रचनाको प्रतिलिपि अधिकार यस केन्द्रमा रहनेछ । तर लेखमा रहेका विचार र अवधारणा लेखकका निजी विचार हुने भएकोले संस्थागत प्रतिनिधित्व गर्ने छैन ।
५. प्रकाशित लेख बापत लेखकलाई नियमानुसार पारिश्रमिकको व्यवस्था गरिनेछ ।
६. उपलब्ध लेखमा लेखकको पूरा नाम, ठेगाना र सम्पर्क नम्बर (फोन/इमेल) अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
७. थप जानकारीको लागि केन्द्रको फोन नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ ।

सवनम शिवाकोटी
प्रमुख